प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय

# शहरी विकास तथा भवन कार्यालय

रुपन्देही

☎ ०७१-५२६५०९
udbcrupandehi.pr5@gmail.com

प.स.: ०७६/७७
च.नं: १६८

मिति: २०७६/०७/१९

विषयः निवेदन संकलन गर्न सहयोग गरी दिनु हुन ।

श्री कपिलवस्तु न.पा.,
श्री बाणगंगा न.पा. ,
श्री महाराजगंज न.पा.
श्री शिवराज न.पा. ,
श्री कृष्णनगर न.पा. ,
श्री सुद्धोधन गा.पा. ,
श्री विजयनगर गा.पा.,
श्री मायादेवी गा.पा.
कपिलवस्तु।

उपरोक्त सम्बन्धमा यस कार्यालयवाट संचालन हुने जनता आवास कार्यक्रम अन्तर्गत दलित, विपन्न मुसलमान, लोपोन्मुख तथा अति सिमान्तकृत जाति तथा समुदायका विपन्न वर्गका नगरिकहरुको आवास निर्माण सुचनामा उल्लेखित गाँउ/टोलमा गर्ने निर्णय भएको हुँदा सो को सूचना लुम्बिनि दैनिकमा मिति २०७६/७/१९ गते प्रकाशित भएको छ । उक्त सूचनाको प्रति कार्यालय तथा सूचनामा उल्लेखित स्थानमा टाँस गरी यस कार्यालयलाई जानकारी गराई सहयोग गरीदिनु हुन अनुरोध छ । सूचनामा उल्लेखित स्थानमा स्थायीरुपले बसोबास गरी रहेका लाभग्राही छनौट गर्नका लागि सम्भावित लाभग्राहीहरुको यसै पत्रसाथ संलग्न आवेदन फाराम भरी पेश गर्नु पर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र छुट्टै रजिस्टरमा दर्ता गरी म्याद समाप्त भए पश्चात निवेदन दर्ता बन्द गरी दर्ता भएका निवेदन र दर्ता रजिस्टर यस कार्यालयलाई उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

...................................
गोविन्द प्रसाद गौतम
कार्यालय प्रमुख

प्रदेश सरकार

प्रदेश नं ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

# शहरी विकास तथा भवन कार्यालय

रुपन्देही, नेपाल

## जनता आवास कार्यक्रम

सुचना प्रकाशन मिती : २०७६/०७/१९

शहरी विकास तथा भवन कार्यालय, रुपन्देहीबाट "जनता आवास कार्यक्रम" अर्न्तगत आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकहरुको आवास निर्माण गर्ने कार्याक्रम रहेकाले तपशिलमा उल्लेखित स्थानमा स्थायी रुपले बसोबास गरी रहेका लाभग्राहीहरु छनोटको कार्यअगाडी बढाउने प्रयोजनका लागि सम्भावित लाभग्राहीहरुको निवेदन संकलन गर्ने कार्य गर्नुपर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ। जनता आवास कार्यक्रमबाट स्वीकृत डिजाइन र स्पेसीफिकेशन बमोजिमको भवन निर्माण गरी आवास सुविधा लिन "प्रदेश नं. ५, जनता आवास कार्याक्रम कार्यान्वयन कार्यविधि, २०७५" मा रहेको प्रावधान पलना गरी घर निर्माण गर्न इच्छुक **दलित, विपन्न मुसलमान, लोपन्मुख तथा अति सिमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुले** सुचना प्रकाशन भएको मितीले १५ दिनभित्र सम्वन्धित गा.पा. / न.पा.को वडा कार्यालयबाट निःशुल्क प्राप्त हुने निवेदन फारम भरी बुझाउन हुन जानकारी गराइन्छ। तोकिएको म्याद भित्र निवेदन नबुझाएको कारणले उक्त सुविधाबाट वञ्चित हुन गएमा कार्यालय जवाफदेही हुने छैन।

**तपशिल**

| जिल्ला | निर्वाचन क्षेत्र | गा.पा. / न.पा. | वडा नं. | गाउ / टोल | आवास संख्या |
|---|---|---|---|---|---|
| रुपन्देही | १ (क) | रोहीणी | ४,५,६ | सबै गाँउ / टोल | १८ |
| | २ (क) | तिलोत्तमा | ६ | सबै गाँउ / टोल | १८ |
| | ३ (क) | सिद्धार्थनगर | २ | मेउडीहवा हरिजन टोल | ९ |
| | | तिलोत्तमा | १४ | सबै गाँउ / टोल | ९ |
| | ५ (क) | सैनामैना | ७ | सबै गाँउ / टोल | १८ |
| | ५ (ख) | गैडहवा | २ | पडौरा, मनवापुर, धनहवाडीह | १० |
| | | लुम्बिनी साँस्कृतिक | ६ | पर्सा चमार टोल | ८ |
| कपिलवस्तु | १ (क) | कपिलवस्तु | ११ | जहदी | १३ |
| | | वाणगंगा | ४,५ | सबै गाँउ / टोल | १२ |
| | १ (ख) | मायादेवी | १ | सबै गाँउ / टोल | ७ |
| | | | ८ | सबै गाँउ / टोल | ६ |
| | | सुद्धोधन | १ | सबै गाँउ / टोल | १३ |
| | २ (क) | महाराजगंज | १,२ | सबै गाँउ / टोल | २५ |
| | २ (ख) | कपिलवस्तु | ४ | सबै गाँउ / टोल | २६ |
| | ३ (क) | महाराजगंज | ५,६ | सबै गाँउ / टोल | २५ |
| | | शिवराज | १ | सबै गाँउ / टोल | |
| | ३ (ख) | विजयनगर | ७ | सबै गाँउ / टोल | ८ |
| | | | ३ | सबै गाँउ / टोल | ५ |
| | | कृष्णनगर | ५ | सबै गाँउ / टोल | १३ |

**कार्यालय प्रमुख**

| |
|---|
| दर्ता नं. : |
| मिती : |

# आवेदन फारम

| फोटो |
|---|
| |

श्रीमान् कार्यालय प्रमुख ज्यु
शहरी विकास तथा भवन कार्यालय,
रुपन्देही ।
मार्फत : श्री........................................................... गा.पा / न.पा./ उ.म.न.पा.
.............................................

**विषय : जनता आवास कार्यक्रममा छनौटको लागि निवेदन ।**

महोदय,

उपरोक्त सम्बन्धमा प्रदेश सरकारको आ.व. २०७६।७७ को जनता आवास कार्यक्रम अन्तर्गत यस क्षेत्रमा प्रदेश नं. ५, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद २ को ३ र ४ को लक्षित वर्ग एवम लाभग्राहीको पहिचानका आधारहरु भित्र म/हामी पनि पर्ने भएकोले मेरो परिवारका लागि आवास निर्माण गरी बसोबासको व्यवस्था मिलाइ दिनु हुनको लागि तपशिलका कागजातहरु यसै निवेदनका साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

| क्र.सं. | तपशिल | कैफियत |
|---|---|---|
| १ | निवेदक वा घरमुलिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी | छ ☐ / छैन ☐ |
| २ | जग्गाधनीको प्रमाणको प्रतिलिपी वा विगत देखि त्यस स्थानमा आवास / स्थायी बसोबास गर्दै आएको स्थानीय निकायको सिफारिस वा मालपोत वा स्थानिय निकायमा आफु बसोबास गरि रहेको आवास / जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी वा प्रमाण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रतिलिपी | छ ☐ / छैन ☐ |
| ३ | बिजुली धारा वा अन्य सुविधा शुल्क आदि बुझाएको प्रमाणको प्रतिलिपी | छ ☐ / छैन ☐ |
| ४ | एकाघर भई छुट्टिएको घर धुरीले आवेदन फारम साथ अनिवार्य अंशवण्डा / छुट्टिएको प्रमाण / सिफारिस कागजात पेश गर्नुपर्ने । | छ ☐ / छैन ☐ |
| ५ | दलित / अति सिमान्तकृत / लोपोन्मुख / विपन्न मुसलमान आदि कुन वर्गमा पर्छ प्रमाण खुल्ने कागजात | छ ☐ / छैन ☐ |

**(मैले पेश गरेको प्रमाणहरु सहि छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । )**

## निवेदकको

**सहि** : .....................................
**नाम /थर** : .....................................
**वुबा / पतिको नाम** : .......................................
**बाजे / ससुराको नाम** : .......................................
**परिवार संख्या** : .......................................
**सम्पर्क फोन नं.** : .........................................

**हालको ठेगाना**

**जिल्ला** : .......................................
**गा.पा / न.पा./ उ.म.न.पा.** : .......................................
**वढा नंम्बर** : .......................................
**गाउँ / टोल** : .......................................

## कार्यालयको तर्फबाट सिफारिस

**गा.पा / न.पा./ उ.म.न.पा.** : .....................................
**दस्तखत** : .....................................
**नाम /थर** : .....................................
**पद** : .....................................
**कार्यालयको छाप** :

## निवेदकको औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा रहेका प्रावधानहरु :**

१) बसोबास गरिरहेको घर भत्काई नया घर निर्माण सम्पन्न नभएसम्म आफ्नै खर्चमा बसोबासको व्यवस्था गर्नुपर्नेछ । २) लाभग्राहीले कुल अनुदान रकमको कम्तिमा १० प्रतिशत लागत सहभागिता जनाउन पर्नेछ । ३) लाभग्राहीले तोकिएको डिजाइन र स्पेसिफिकेशन अनुसार भुकम्प प्रतिरोधी आवास निमार्ण गर्नुपर्ने छ । ४) अनुदान प्राप्त रकमबाट निर्माण भएको घर पाँच वर्षसम्म विकि वा अन्य कसैलाई कुनै प्रकारको भोग हस्तान्तरण गर्न पाइने छैन र नेपाल सकारको अन्य कार्यक्रमबाट आवास सुविधा पाईने छैन । ५) लाभग्राहीको छनौट प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समिती छनौट समितीले गर्नेछ ।

**नोट : यो फारम भरी पेश गर्दा कुनै शुल्क लाग्ने छैन ।**